# तिनाउ बिकास बैंक लिमिटेडको

# आठौं वार्षिक साधारण सभाको

# काम कारवाहीको विवरण

# (माइन्यूट)

## १. बैधानिक सभा

कम्पनी ऐन २०६३ र विकास बैंकको नियमावली बमोजिम तिनाउ विकास बैंक लिमिटेडको आठौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद वझाज्युको अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल गरि देहाय बमोजिम निर्णय गरियो ।

## २. सभाको मिति, समय र स्थान

**मिति:** २०७० साल कार्तिक २९ गते शनिबार (१५ नोभेम्बर, २०१४)

**समय:** बिहान १०.१० बजे प्रारम्भ भई १२.०५ बजे सम्पन्न भएको ।

**स्थान:** बुटवल उद्योग बाणिज्य संघको सभाहल, बुटवल ८, कालिका मन्दिर पछाडि ।

## ३. सभाको सुचना

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बिकास बैंकको आठौं वार्षिक साधारण सभाको सुचना तथा सभामा छलफल हुने बिषयहरु एवं प्रस्तावहरु शेयधनीहरुको व्यक्तिगत ठेगानामा विकास बैंकको कर्मचारी तथा कुरियर मार्फत पठाउनुको साथै मिति: २०७१।०७।०६ गते बिहिबारको राष्ट्रिय स्तरको दैनिक पत्रिका अन्नपूर्ण पोष्ट र मिति: २०७१।०७।१६ गते आइतबारको नागरीक पत्रिकामा सभा हुने स्थान, समय, मिति र छलफल हुने बिषयहरु एवं प्रस्तावहरुको सुचना शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

## ४. छलफलको बिषयहरु

### क) साधारण प्रस्तावहरु

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको वार्षिक प्रतिबेदन प्रस्तुत र सो उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२) आ.व. ०७०/७१ को लेखा परिक्षण प्रतिवेदन, २०७१ अषाढ मसान्तको वासलात, नाफा नोक्सान तथा नगद प्रवाह विवरण तथा अनुसुचीहरुमा छलफल गरि पारित गर्ने सम्बन्धमा ।

३) आ.व.०७१/७२ को लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा । (हालका लेखा परिक्षक रामहरि एण्ड एशोसियट्सका रामहरि रौनियार पुन: नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

४) संचालक समितिले प्रस्ताव गरे वमोजिम कर प्रयोजनको लागि चुक्ता पुंजीको ०.७८९४७३६८३ प्रतिशतले नगद लभांश रु. १२,७१,०५२।६३ स्वीकृत गर्ने सम्बन्धमा ।

५) सर्वसाधारण समुहबाट २ जना संचालकहरुको निर्वाचन गर्ने ।

ख) <u>विशेष प्रस्तावहरु</u>

१) संचालक समितिले प्रस्ताव गरे वमोजिम चुक्ता पुंजी रु. १६,१०,००,०००। को १५ प्रतिशतका दरले बोनस शेयर स्वीकृत गर्ने र सोहि हदसम्म जारी पूंजी र चुक्ता पूंजी बृद्धि गर्ने सम्बन्धमा ।

२) शेयर स्वामित्व परिवर्तन गरी संस्थापक समूहको ५१ प्रतिशत र सर्वसाधारण समूहको ४९ प्रतिशत कायम गर्ने सम्बन्धमा ।

३) छैठौं वार्षिक साधारण सभाले पारित गरेको मर्जर सम्बन्धी निर्णयलाई निरन्तरता दिने सम्बन्धमा ।

४) प्रबन्ध पत्र र नियमावलीका विभिन्न दफा तथा नियमहरुमा आवश्यक संशोधन र परिमार्जन गर्ने प्रस्ताव पारीत गर्ने तथा उक्त संशोधन र परिमार्जनमा नियमनकारी निकायबाट स्वकृित गराउनको लागी आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

ग) विविध ।

## ५. <u>सभाको सञ्चालन:</u>

सभाको संचालन कम्पनी सचिव श्री प्रदिप कुमार श्रेष्ठले गर्नु भएको थियो ।

## ६. <u>उपस्थिति</u>

६.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

१.	श्री राजेन्द्र प्रसाद वभ्फा	अध्यक्ष

२.	श्री रामेश्वर प्रसाद कसजु	सञ्चालक

३.	श्री जीवन प्रसाद वभ्फा	सञ्चालक

४.	श्री उज्ज्वल प्रसाद कसजु	सञ्चालक

५.	श्री अनिल प्रसाद श्रेष्ठ	सञ्चालक

६.	श्री रबिन्सन कक्षपति	सञ्चालक

६.२ अन्य पदाधिकारीको उपस्थिति

१.	श्री प्रदिप कुमार श्रेष्ठ	प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव

२.	श्री नारायण घिमिरे र अनिल कुमार ढकाल	प्रतिनिधी नागरिक लगानी कोष (शेयर रजिष्ट्रार)

६.३ शेयरधनीको उपस्थिति

१. स्वयम् उपस्थित हुने शेयरधनीको संख्या:	६९

२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयधनी संख्या:	२१

३. जम्मा उपस्थित संख्या:	९०

## ७. गणपुरक संख्या ( कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप )

| विवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | ८,०४० | ९० | १.१२ प्रतिशत |
| संस्थापक शेयरधनी समूह (क) | ३० | २४ | ८० प्रतिशत |
| सर्वसाधारण शेयरधनी समूह (ख) | ८,०१० | ६६ | ०.८२ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | १६,१०,००० | ११,८२,८९२ | ७३.४७ प्रतिशत |

## ८. आसन ग्रहण

सभामा उपस्थित अध्यक्ष, सञ्चालक, अतिथि, संस्थापक र सर्वसाधारण शेयधनीहरुलाई सभा सञ्चालकले आसन ग्रहण गराउनु भयो ।

## ९. सभाको बैधानिकता

कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम २१ दिन अगावै मिति: २०७१ साल कार्तिक ६ गते बिहिबारको राष्ट्रियस्तरको पत्रिका अन्नपूर्ण पोष्ट र मिति: २०७१ साल कार्तिक १६ गते आइतबारको नागरीक पत्रिकामा साधारण सभा सम्बन्धि सूचना प्रकाशित गरिएको र सोहि ऐनको दफा ७३(२) अनुसार बांडफांड भएको कूल शेयर संख्याको ५०% भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ (तिन) जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थिति भएमा सभाले बैधानिकता पाउने व्यवस्था भएकोमा यस साधारण सभामा कूल बांडफांड शेयर संख्या १६ लाख १० हजार कित्ता मध्ये स्वयं उपस्थिति ७,७९,२९१ कित्ता शेयर, प्रतिनिधी मार्फत ४,०३,६०१ कित्ता शेयर जम्मा उपस्थिति ११,८२,८९२ कित्ता शेयर प्रतिशतमा ७३.४७ प्रतिशतको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु ९० जना उपस्थिती भएको हुंदा यो साधारण सभा बैधानिक भएको घोषणा कम्पनी सचिवले गर्नु भयो । तत्पश्चात अध्यक्षज्युबाट सभा संचालनको अनुमती लिइ सभालाई निरन्तरता दिनु भयो ।

## १०. स्वागत मन्तव्य

सञ्चालक समितिका सदस्य श्री अनिल प्रसाद श्रेष्ठज्युले उपस्थीत सम्पुर्ण शेयरधनी, अतिथि तथा कर्मचारीवर्गमा स्वागत मन्तव्य व्यक्त गर्नुभयो ।

## ११. सभाको समुद्घाटन

अध्यक्ष श्री राजेन्द्र प्रसाद वझाज्युले पानसमा दीप प्रज्वलन गरी बिकास बैंकको आठौं वार्षिक साधारण सभाको समुद्घाटन गर्नुभयो ।

## १२. साधारण सभाको प्रस्तुती:

१. सभा सञ्चालक कम्पनी सचिव प्रदिप कुमार श्रेष्ठले अध्यक्षज्युलाई सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न अनुरोध गर्नुभयो र सोहि अनुसार सभाका अध्यक्षज्युले उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरु, तथा अतिथिज्युहरुलाई स्वागत एवं अभिवादन गर्दै पुर्व निर्धारित छलफलका बिषयसूचि अनुसार आ.व. ०७०/७१ को संचालक समितिको तर्फबाट प्रतिवेदन पढेर सुनाउनु भइ शेयरधनी महानुभावज्युहरुको अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

२. तत्पश्चात अध्यक्षज्यूले अन्य छलफलका विषयहरु सभा समक्ष प्रस्तुत गरि शेयरधनी महानुभावज्युहरुको अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित बिषयबस्तु उपर छलफल गरि पारित गरिदिन अनुरोध गर्नुभयो ।

## १३. छलफलका लागि सहभागी शेयरधनी महानुभावहरु

छलफलका लागि प्रस्तुत बिषयबस्तु उपर आफ्ना अमूल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित निम्नानुसार शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनु भयो ।

१. अमृतलाल श्रेष्ठ

२. महेश्वर प्रसाद श्रेष्ठ

३. निर्मल लाकौल

## १४. छलफलमा सहभागी हुने शेयरधनीहरुको आ-आफ्नो राय, सल्लाह, सुझाव तथा जिज्ञासाहरु:

छलफलको क्रममा शेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको मन्तव्यलाई तल प्रस्तुत गरिएकोछ ।

**१. अमृतलाल श्रेष्ठ**

**मन्तव्य तथा जिज्ञासाहरु:**

देशको राजनैतिक स्थिति, लोड सेडिङ्गको अवस्था, वित्तीय संस्था विच प्रतिस्पर्धा जस्तो जोखिमपूर्ण अवस्थामा पनि निक्षेप संकल १ अरब ७५ करोड, कर्जा लगानी १ अरब ३८ करोड, कुल आम्दानी २२ करोड ८४ लाख, खुद नाफा ३ करोड २ लाख गर्न सफल भएकोमा प्रगति राम्रो गरेको हुंदा अध्यक्ष, संचालक र कर्मचारीहरुमा धन्यबाद दिन चाहन्छु । प्रतिवेदनको पाना ५ को बुंदा ५ मा धितो लिइ वा नलिइ लघु वित्त कर्जा प्रबाह गर्दा सानातिना कर्जामा अलमलिनु पर्ने, ठुलो कर्जामा ध्यान नपुग्ने, असुलिमा बढि ध्यान दिनु पर्ने, जस्ता कारण हुने हुंदा विमा गरेर सुरक्षित हुन पर्ने हुन्छ । प्रतिवेदनको पाना ३७ को सण्ड्र डेव्टर्सको रकम के हो ? पाना ३७ को अपलेखन हुन बांकि के हो ? मनोरञ्जन खर्च के हो ? खराब कर्जामा राखिएको रकम उठ्ने सम्भावना छ छैन ? संस्थाको खाता खोल्दा चल्ति र कल खाता खोल्दा स्टेटमेण्ट लामो हुंदा बैंकको खर्च बढी भयो ।

**२. महेश्वर प्रसाद श्रेष्ठ**

**मन्तव्य तथा जिज्ञासाहरु:**

अध्यक्षज्युको प्रतिवेदन बिस्तृत र छर्लङ्ग छ । कर्जा नोक्सानी व्यवस्था गरिएको १,४२,,१८,४७३।८७ व्यवस्था गरिएको छ किन गरिएको हो ? अध्यक्षज्यूको प्रतिवेदनको बुंदा

३ मा संचालन मुनाफा रु १,००,७०,१०३।४७ मात्र भनिएको छ तर नाफा नोक्सानमा ३ करोड भन्दा बढी छ किन ? लेखा परिक्षणको प्रतिबेदन सवै Clear छ । अपलेखन खर्चमा के हो ? अन्य खर्चको बारेमा बताइदिन र लेखा परिक्षण समितिको भत्ता रु.६००। कम भएको देखिन्छ ।

३. निर्मल लाकौल

मन्तव्य तथा जिज्ञासाहरुः

शेयर स्वामित्व परिवर्तन गरेर संस्थापकको शेयर ५१ प्रतिशत गरिएकोमा परिवर्तन गरेको शेयर सर्वसाधाणलाई बांड्ने हो कि के हो ? तिनाउ विकास बैंक आफैमा राम्रो छ किन मर्ज गर्नु पर्‍यो । शाखा प्रबन्धकहरुले सबै कुरा केन्द्रिय कार्यालयमा प्रमुख कार्यकारीसंग स्वीकृत लिनु पर्ने हुंदा ग्राहकलाई छिटो काम भएन ।

## १५. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफः

अध्यक्षज्युले शेयरधनीहरुको राय, सल्लाह, सुभाव र जिज्ञासा प्रति धन्यबाद दिंदै शेयरधनीहरुको राय, सल्लाह र सुभावको आत्मासात गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो भने शेयरधनीहरुको जिज्ञासाको जवाफ निम्नानुसार दिनु भयो ।

नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन अनुसार लघुवित्त विपन्न वर्गमा निश्चित प्रतिशत कर्जा प्रवाह गर्नु पर्ने हुंदा सोलाई प्रबन्धपत्रमा व्यवस्था गरि थप प्रभावकारी रुपले सो क्षेत्रमा कर्जा लगानी गर्नको लागि प्रस्ताव गरिएको उक्त क्षेत्रमा कर्जा लगानी गर्दा सुरक्षा सावधानी अपनाइने व्यहोरा जानकारी गराउंदछु ।

खराब कर्जाको सम्बन्धमा खराव कर्जा २ लाखको हाराहारीमा रहेको र सो पनि उठ्ने क्रम रहेको । बैंकको नियन्त्रण प्रणालीलाई बलियो बनाउनको लागि शाखा प्रबन्धकहरुको अधिकार भन्दा माथिको कुरा मात्र प्रमुख कार्यकारी अधिकृतबाट स्वीकृत भए पश्चात मात्र लागु गर्ने व्यवस्था गरिएको । संघ संस्थाको खाता खोल्दा बचत खाता खोल्न नमिल्ने हुंदा चल्ति र कल खाता खोलिएको हो ।

प्रतिवेदनको बुंदा नं. ३ मा भएको संचालन मुनाफा आर्थिक वर्ष ०७१/७२ को हो, आर्थिक वर्ष ०७०/७१ को नाफा ३ करोड नै हो । अन्य खर्च शिर्षकको खर्चमा हामिले हिसाव राख्दा नेपाल राष्ट्र बैंकले दिएको Format अनुसार राख्नु पर्ने भएको हुंदा पेट्रोल, डिजेल, ग्यांस जस्ता खर्चहरु यस अन्य खर्च शिर्षकमा राख्नु पर्ने भएकोले बढी देखिएको हो र गत वर्ष हामिले बुभाइको गल्तीले गर्दा नेपाल सरकारको विकास ऋण पत्रमा लगानी गरेको रकमलाई अनिवार्य नगद मौज्दातमा गणना गर्दा अनिवार्य नगद मौज्दातमा कमि भएकोले नेपाल राष्ट्र बैंकलाई तिरेको शुल्क समेत अन्य खर्च शिर्षकमा राखिएको छ ।

लेखा परिक्षण समितिको संयोजकको भत्तालाई समय सापेक्ष सुधार गरिने छ । शेयर संरचनामा परिवर्तन गरेको संस्थापक शेयरको रकम संस्थापक कै स्वामित्वमा रहने हो र संस्थापकहरुले विक्रि गरेमा मात्र सर्वसाधारणमा जाने हो । संस्थाको विकास गर्नको लागि मर्जको प्रस्ताव ल्याइएको हो उपयुक्त संस्था पाइएमा मात्र मर्जरलाई अगाडि बढाउंछौ र अर्को साधारण सभामा यहांहरु समक्ष नै स्वीकृतीको लागि ल्याउने छौं ।

अन्य दैनिक कारोबारसंग सम्बन्धित शेयरधनीहरुको जिज्ञासाको जवाफको लागि अध्यक्षज्युले प्रमुख कार्यकारी अधिकृत प्रदिप कुमार श्रेष्ठलाई अख्तियारी दिनु भए अनुसार प्रमुख कार्यकारी अधिकृतज्युले धन्यबाद दिंदै शेयरधनीहरुको जिज्ञासाको जवाफ निम्नानुसार दिनुभयो । सण्ड्रि डेब्टर्समा रहेको रकम सिद्धार्थ म्युचुअल फण्डमा रु. १ करोडको आवेदन दिंदाको रकम, लक्ष्मी लघु वित्त संस्थाको सर्वसाधारण शेयरमा लगानी आवेदन दिंदाको रु. ५ लाख रकम, विमाको रकम र रेमिटान्स भुक्तानीको रकम हो । मनोरञ्जन खर्चमा अतिथि सत्कार खर्च, चिया नास्ता खुवाएको रकम हो । अपलेखन खर्चमा कार्यालय निर्माण र सफ्टवेयर र शेयर जारी गर्दाको खर्चहरु छन् । गत आर्थिक वर्षको कर्जा लगानी भन्दा यो आर्थिक वर्षको कर्जा लगानी बढेको फरक रकमको १ प्रतिशत कर्जा नोक्सानी थप गर्दा कर्जा नोक्सानी व्यवस्था बढेको हो । खराब कर्जा बढेर कर्जा नोक्सानी बढेको होइन खराब कर्जाको मात्रा नगन्य मात्र छ ।

## १६. सभाको निर्णय

**क) छलफलका लागि निर्धारित प्रस्तावहरु तर्फ**

**क) साधारण प्रस्तावहरु**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको वार्षिक प्रतिबेदन प्रस्तुत र सो उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

सभामा प्रस्तुत आ.व.०७०/७१ को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको वार्षिक प्रतिवेदन अध्यक्षज्युले अनुमोदनका लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट अनुमोदन गरि पारित गर्ने निर्णय गर्‍यो ।

२) आ.व. ०७०/७१ को लेखा परिक्षण प्रतिवेदन, २०७१ अषाढ मसान्तको वासलात, नाफा नोक्सान तथा नगद प्रवाह विवरण तथा अनुसुचीहरुमा छलफल गरि पारित गर्ने सम्बन्धमा ।

लेखा परिक्षकको प्रतिवेदन सहितको २०७१ अषाढ मसान्तको वासलात, नाफा नोक्सान तथा नगद प्रवाह विवरण तथा अनूसुचीहरु पारित गरियोस् भनी सभा समक्ष राखिएको प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय गर्‍यो ।

३) आ.व.०७१/७२ को लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा । (हालका लेखा परिक्षक रामहरि एण्ड एशोसियट्सका रामहरि रौनियार पुन: नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. ०७१/७२ को लागि लेखा परिक्षक नियुक्त गरि निजको पारिश्रमिक निर्धारण गरियोस् भनी राखिएको प्रस्तावमा सभाले लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम लेखा परिक्षकमा रामहरि एण्ड एशोशियट्स सिद्धार्थनगरका चार्टड एकाउण्टेण्ट रामहरि रौनियारलाई नियुक्त गर्ने र निजको पारिश्रमिकको हकमा लेखा परिक्षण शुल्क, कर लेखा परिक्षण शुल्क, लङ्गफर्म अडिट रिपोर्ट तयार गरेबापतको शुल्क र कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिम प्रतिवेदन समेत तयार गरे वापत भ्याट सहित एकमुष्ठ रु. १,१५,०००। अक्षरेपी एक लाख पन्ध्र हजार मात्र पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतबाट गर्‍यो ।

४) संचालक समितिले प्रस्ताव गरे वमोजिम कर प्रयोजनको लागि चुक्ता पुंजीको ०.७८९४७३६८३ प्रतिशतले नगद लभांश रु. १२,७१,०५२।६३ स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव गरे बमोजिमको कर प्रयोजनको लागि नगद लाभांश स्वीकृत गर्ने निर्णय सर्बसम्मतबाट गर्‍यो ।

५) सर्वसाधारण समुहबाट २ जना संचालकहरुको निर्वाचन गर्ने ।

विकास बैंकको नियमावलीको नियम ८(२) अनुसार सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व हुने गरि २(दुइ) जना संचालक निर्वाचन गर्नु पर्ने हुंदा उक्त निर्वाचन सम्बन्धि कार्य गर्नको लागि संचालक समितिबाट निर्वाचन अधिकृतमा अधिबक्ता श्री बाबुराम पाण्डेलाई नियुक्त गरि निर्वाचन अधिकृतको कार्यालयबाट बनाइएको निर्वाचन कार्यक्रम अनुसार तोकिएको उमेदवारी दर्ताको समय सिमा भित्र सर्वसाधारण शेयरधनी श्री अनिल प्रसाद श्रेष्ठ र सुरेन्द्र प्रसाद श्रेष्ठ गरी २ (दुइ) जनाले मात्र उमेदवारी दर्ता गराएको हुंदा निर्वाचन अधिकृतज्यूले अनिल प्रसाद श्रेष्ठ र सुरेन्द्र प्रसाद श्रेष्ठलाई समुह (ख) सर्वसाधारण शेयरधनीको तर्फबाट संचालक पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्दा सभाबाट सर्वसम्मतिले अनुमोदन भएकोले निर्वाचन अधिकृतले दुवै निर्वाचित संचालकलाई सभा समक्ष पद तथा गोपनियताको सपथ ग्रहण गराउनु भयो ।

ख) विशेष प्रस्तावहरु

१) संचालक समितिले प्रस्ताव गरे वमोजिम चुक्ता पुंजी रु. १६,१०,००,०००। को १५ प्रतिशतका दरले बोनस शेयर स्वीकृत गर्ने र सोहि हदसम्म जारी पूंजी र चुक्ता पूंजी बृद्धि गर्ने सम्बन्धमा ।

संचालक समितिले प्रस्ताव गरे बमोजिमको चुक्ता पुंजी रु. १६,१०,००,०००। को १५ प्रतिशतले हुने रकम रु. २ करोड ४१ लाख ५० हजार बोनस शेयर सर्वसम्मतबाट स्वीकृत गरी तीन महलेमा उल्लेख गरे अनुसार जारी पूंजी रु. १८ करोड ५१ लाख ५० हजार र चुक्ता पूंजी रु. १८ करोड ५१ लाख ५० बनाउने सर्वसम्मतबाट निर्णय गर्‍यो ।

२) शेयर स्वामित्व परिवर्तन गरी संस्थापक समूहको ५१ प्रतिशत र सर्वसाधारण समूहको ४९ प्रतिशत कायम गर्ने सम्बन्धमा ।

नेपाल राष्ट्र बैंकको मिति: २०७१।०६।२२ गतेको पत्रबाट स्वीकृत प्राप्त भए अनुसार संस्थापक शेयरको स्वामित्व ७० प्रतिशत मध्ये १९ प्रतिशतलाई सर्वसाधारण शेयरमा परिणत गरी ५१ प्रतिशत बनाउने र सर्वसाधारण शेयरको स्वामित्व ३० प्रतिशतलाई ४९ प्रतिशत बनाउने गरी सर्वसम्मतबाट निर्णय गर्‍यो ।

३) छैठौं वार्षिक साधारण सभाले पारित गरेको मर्जर सम्बन्धी निर्णयलाई निरन्तरता दिने सम्बन्धमा ।

छैठौं साधारण सभाले मर्जर सम्बन्धी सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई दिएको अधिकारलाई निरन्तरता दिने सम्बन्धमा सर्वसम्मतबाट निर्णय भयो ।

४) प्रबन्ध पत्र र नियमावलीका विभिन्न दफा तथा नियमहरुमा आवश्यक संशोधन र परिमार्जन गर्ने प्रस्ताव पारीत गर्ने तथा उक्त संशोधन र परिमार्जनमा नियमनकारी निकायबाट स्वीकृत गराउनको लागी आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

साधारण सभामा प्रस्तुत भए अनुसारको तीन महलेमा उल्लेख भए वमोजिम प्रबन्धपत्रको दफा ५(ख), दफा ५(ग), दफा ४(द), दफा ४(म), दफा ४(ष),

दफा ५(ङ), दफा ५(ङ)(१), दफा ७(क) र नियमावलीको नियम ८(२), नियम ८(२)(ख) नियम २९(ग) र ३६(८) संशोधन गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकायबाट स्वीकृत गराउनको लागी आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितीलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

ग) **विविध ।**

साधारण सभाको निर्णय पूस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५(१) मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणीत गर्ने व्यहोरा सभालाई जानकारी गराइयो ।

## १७. धन्यबाद मन्तव्य

साधारण सभामा बैंकका संचालक श्री उज्ज्वल प्रसाद कसजाज्युले जिज्ञासा राख्नुहुने शेयरधनी लगायत उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरु, अतिथिज्युहरु, लेखा परिक्षक, कर्मचारी वर्ग, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेञ्ज, नेपाल धितोपत्र बोर्ड, नागरीक लगानी कोष तथा बैंकसंग सहकार्य गर्ने सम्पुर्णलाई धन्यबाद ज्ञापन गर्नु भएको थियो ।

अन्तमा, आठौं वार्षिक साधारण सभा सम्पन्न गर्नको लागि पुऱ्याउनु भएको सहयोग, सद्भाव र शेयरधनी महानूभावज्युहरुको अमूल्य राय सल्लाह सुझाव तथा उपस्थितिको लागि हार्दिक धन्यबाद दिंदै अध्यक्षज्युको अनुमतिबाट कम्पनी सचिवज्युले साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।